# लैगिक समानता तथा सामाजिक समावेशिकरण नीति

२०७९

चन्द्रागिरि नगरपालिका, काठमाडौ

## १. पृष्ठभूमिः

विक्रम संवत २०७२ मा जारी भएको नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्त अनुरुपविभेद रहित समृद्ध र न्यायपुर्ण समाजको निर्माण गर्ने आधार तयार गरेको छ [1]। समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माणका लागि लैङ्गिक विभेद, लैङ्गिक विभेदमा आधारित हिंसा, वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने उद्देश्य नेपालको संविधान २०७२ को रहेको छ । संविधानले सबै नागरिकका लागि समानताको अधिकारको प्रत्याभूति गरेको छ। यसका साथै, नेपाल विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको पक्षधर राष्ट्र भएकोले कानूनी रूपमानै लैङ्गिक समानता र सामाजिक समावेशीकरणको लागि प्रतिबद्ध छ। नेपालको संविधानको प्रस्तावनामा नै वर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ ।

संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ र सामाजिक, आर्थिक र साँस्कृतिक दृष्टिले पछाडिपारिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पछाडीपारिएका वर्ग र समुदाय, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लोपोन्मूखजाती, सीमान्तकृत समुदाय आदिको संरक्षण, सशक्तिकरण वा विकासकालागि कानून र नीति निर्माण तथा विशेष व्यवस्था गर्नका लागि प्रोत्साहित गरेको छ ।
लैङ्गिक भेदभावमुक्त, समद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि चन्द्रागिरि नगरपालिकाले महिला, दलित, गरिव तथा स्रोत तथा सेवाबाट बन्चितिकरणमा परेकाहरुको समान सहभागिता, समान अवसर, क्षमता अभिबद्धि र नेतृत्वदायि भूमिकालाई सशक्त बनाउँदै सबै समान हैसियत भएका नागरिकको रुपमा सम्मानपूर्वक बाच्न पाउने वातावरण निर्माण गरी लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको आवश्यकता महसुस गरी “लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीति, २०७८” तर्जुमा गरिएको छ ।

यो चन्द्रागिरि नगरपालिकाको लैगिंक समानतालाई प्रबर्द्धन गर्ने नीति हो, यसले नगरपालिकालाई लैंगिक मैत्री (सबै लिङ्गका नागरिकहरु समान रुपले समान अधिकार उपभोग गर्दै सम्मानका साथ बाँच्न सक्ने वातावरण) बनाउछ भन्ने उद्देश्यले तयार गरिएको छ ।

तसर्थ चन्द्रागिरि नगरपालिकाबाट प्रवाह हुने सेवा सुविधा तथा कार्यक्रमहरु महिला, बालबालिका, दलित, आदीवासी, जनजाती, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, धार्मिक अल्पसख्यंक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, लोपोन्मूख जाति, पछाडिपारिएका तथा विपन्नवर्ग र सीमान्तकृत समुदायका नागरिकहरुको सेवासुविधा र आर्थिक हितको सम्बर्धन तथा उनीहरुको जीवनस्तरमा सुधार ल्याउने गरी मानवअधिकारमुखी पद्धतिबाट लागू गर्न आवश्यक नीतिगत व्यवस्था गर्न वाञ्छनीय भएकोले

[1] National GESI policy 2077

चन्द्रागिरि नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र रहि नेपालको संविधानको भाग १७ को धारा २१४लाई आधारमानी यो "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८" बनाएको छ ।
लैंगिक समानताका क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दिगो विकाशका लक्ष्य प्राप्ति र सारभुत लैंगिक समानता स्थापनाका लागि **राष्ट्रिय लैंगिक समानता नीति २०७७** लाई आधार मानी स्थानीय तहमा लैंगिक उत्तरदायि शासन प्रणालीलाई संस्थागत गर्न योजना नीति तथा कार्यक्रम बार्षिक बजेट तथा सेवा प्रवाहलाई लैंगिक मैत्री बनाई समृद्ध र न्यायपुर्ण समाजको स्थापनाका लागिस्थानीय तहमा लैंगिक नीतिको आवश्यकता रहेको छ ।

## २. चन्द्रागिरि नगरपालिकाको बर्तमान स्थिति:

चन्द्रागिरि नगरपालिका एउटा प्रसिद्ध धार्मिक सम्पदाको नामबाट नामकरण भएको देशकै महत्वपुर्ण स्थानीय सरकार हो । चन्द्रागिरि नगरपालिका नेपालको वागमति प्रदेश, काठमाडौं जिल्ला भित्रको सबभन्दा ठुलो नगरपालिका हो । सरकारको निर्णय बमोजिम मिति २०७१ मसिंर १६ गते स्थानीय विकास मन्त्रालयले थप ६१ वटा नयाँ नगरपालिका थप्दा काठमाडौं जिल्लाको दक्षिण-पश्चिम भेगमा रहेको थानकोट, दहचोक, नैकाप नयाँभङ्ग्याङ, वाडभङ्ग्याङ, बलम्वु, महादेवस्थान, तीनथाना, सतुंगल, मातातीर्थ, मच्छेगाउँ र नैकाप पुरानोभङ्ग्याङ गरी जम्मा ११ गाउँ विकास समितिहरूलाई समेटेर जम्मा २५ वडा बनाई चन्द्रागिरी नगरपालिका घोषणा गरिएको थियो । नेपालको संबिधान अनुसार राज्य पुनर्संरचना आयोगको पुनर्संरचना पछि नेपाल सरकार, मन्त्रिपरिषदको २०७३ फागुन २२ को स्थानीय तह पुन:संरचनासम्बन्धी निर्णय फागुन २७ मा राजपत्रमा प्रकाशित भएपछि स्थानीय तहको व्यवस्था लागू भई चन्द्रागिरि चुचुराको नामबाट चन्द्रागिरी नगरपालिका नामाकरण गरी जम्मा १५ वडा कायम भएको हो । चन्द्रागिरी नगरपालिकाको केन्द्र बलम्वुमा रहको छ ।

## २. भौगोलिक अवस्था

**यस नगरपालिकाको पूर्वमा किर्तिपुरनगरपालिका, पश्चिममा धादिङ्ग जिल्ला, उत्तरमा नागार्जुन नगरपालिका तथा दक्षिणमा दक्षिणकाली नगरपालिका र मकवानपुर जिल्लासँग सिमाना जोडिएको छ । यस नगरको जमिन, हावापानी, बनजङ्गलको बिविधता अनि ऐतिहासिक मठ मन्दिर एवं धार्मिक महत्वका स्थान, पर्यटकीय स्थान, विभिन्न जनजातिको वसोवासका साथै रहनसहन, भेषभूषा आदिको विविधताले गर्दा यस नगरको भौगोलिक बनावट मनोरम रहेको छ । यस नगरपालिकाको प्रशासनिक मुकाम बलम्बुमा रहेको छ । नेपालको मान चित्रमा चन्द्रागिरि नगरपालिकाको फैलावट** २७ ⁰ ४१'२५" उत्तर र ८५ ⁰१३ ' १३" निर्देशाङ्कमा **फैलिएको छ** । यो नगरपालिका काठमाडौ उपत्याकाको उप उपत्याकाको रुपमा रहेको छ ।

## ३. प्रशासनिक संरचना

**नेपालको सात प्रदेश मध्ये वागमती प्रदेशको वागमती अञ्चलका ८ वटा जिल्लाहरु मध्ये काठमाण्डौ जिल्ला अर्न्तगत चन्द्रागिरि नगरपालिका पर्दछन् । यस नगरपालिकालाई १५ वटा वडाहरुमा विभाजन गरिएको छ । जसको विवरणः**

**चन्द्रागिरि नगरपालिकाको वडा संरचना तथा जनसंख्या विवरण**

चन्द्रागिरि  नगरपालिकाको महिला सहभागिताको अवस्थाः चन्द्रागिरि  नगरपालिकाका बिभिन्न संरचना तथा निकायमा महिला सहभागिता र प्रतिनिधित्वमा उल्लेख्य सुधार हुँदै आएको छ । कुल निर्वाचित८० जनप्रतिनिधिमध्ये २८ प्रतिशत महिला ७ प्रतिशत जनजाति महिला दलित महिला १२.८ .को प्रतिनिधित्व रहेको छ । त्यसैगरी निजामति सेवा लगायतका विभिन्न सरकारी तथा सार्वजनिक सेवामा महिलाका लागि आरक्षणको व्यवस्था गरिएको छ ।

बजेट प्रणलीमा लै.गिक उत्तरदायि बजेटको अभ्यास बढ्दै गएको छ भने हाल चन्द्रागिरि  नगरपालिकाले आर्थिक बर्ष २०७७/२०७८ मा  लैंगिक उत्तरदायि बजेट पालिकाको बार्षिक बजेटको .....प्रतिशत रहेको छ ।

महिलाको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि भएका नीतिगत र कानुनी व्यवस्था तथा संचालित कार्यक्रमहरुले लैंगिक तथा सामाजिक समावेशीता, महिलाको प्रतिनिधित्व, समान र अर्थपुर्ण सहभागिता, विद्यमान स्रोत साधनमा पहुँच आदिमा बृद्धि हुदै गएको छ । साथै दिगो जिविकोपार्जन,उद्यमशीलता र रोजगारीमा समेत सुधार भएको अवस्था छ ।

३ समस्याः लैंगिक विभेदमा आधारित हिंसा विशेषगरी घरेलु हिंसा, मानव बेचविखन तथा ओसारपसार, बैदेशिक रोजगारीका नाममा हुने ओसारपसार लगायत महिला किशोरी वालिका, लैंगिक तथा यौनिक अल्पसंख्यकमाथि हुने हिंसा यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् । धार्मिक तथा प्रथा परम्पराका नाममा रहेका खराव अभ्यासहरु जस्तै बोक्सी, महिनावारी हुँदा अलग्याउने,वालविवाह, बहुविवाह, आदिले महिला किशोरी तथा वालिकामाथि हुने शारीरीक मानसिक तथा यौनजन्य हिंसा कायम नै छ । लैंगिक तथा यौनिक अल्पसंख्यकमाथि हुने हिंसा कायमै रहनु, सामाजिक मुल्यमान्यता,सामाजिक सम्बन्ध एवं सोचको कारणबाट परम्परागत लैंगिक भुमिकामा परिवर्तन आउन नसक्नु, महिला विकाशमा पुरुषको सहभागिता न्यून रहनु, महिलाको घरेलु कामकाजलाई मान्यता नदिनु र आर्थिक पक्षसंग जोडेर नहेरिनु, श्रम बजारमा महिला र पुरुषविच विभेद रहनु, सवै क्षेत्रका निर्णायक तहमा महिलाको न्यून सहभागिता रहनु,महिला वालवालिका, बैदेशिक रोजगारीमा भएका महिलाहरु तथा लैंगिक तथा यौनिक अल्पसंख्यकको खण्डिकृत तथ्यांक नहुनु, जस्ता समस्या यस नगरपालिकामा विद्यमान छन् ।

**४. चुनौतीः** सामाजिक संरचना र सोच परिवर्तन गर्न नसक्नु, नेतृत्वमा रहेका महिलाहरुको नेतृत्व नै स्विकार नहुनु, महिलाहरु नेतृत्वको निर्णायक भुमिका बृद्धि गर्नु, पालिकाका सावैजनिक नीतिमा लै.गिक मुलप्रवाहिकरण गर्नु, लैंगिक हिंसा न्यूनीकरण गरी न्यायमा पहुँच बढाउनु,हानिकारक कुरिति तथा कुप्रथाको अन्त्य गर्नु, संघ प्रदेश र स्थानीय तहमा लेंगिक सवाललाई आन्तरिकीकरण  र संस्थागत गर्नु, महिलाको प्राकृतिक, व्यवसायिक एवं सामाजिक भुमिकालाई सन्तुलन गर्नु,खास लक्षित समुहलाई लाभान्वित बनाउनु, लैंगिक उत्तरदायि शासन प्रणालीको विकाश मार्फत महिला तथा किशोरी र लैंगिक तथा यौनिक अल्पसंख्यकमाथि भएका सवै किसिमका विभेद हटाई  लैंगिक समानता सहित सामाजिक रुपान्तरण गर्नु यस क्षेत्रका चुनौति हुन् ।

**५. नीतिको आवश्यकता र औचित्य**ः नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुर्नसंरचना र अधिकारको बाँडफाँडको कार्यान्वयनलाई प्रभावकारी बनाउन,चालु पन्ध्रौं योजनाका लक्ष्य

तथा उद्देश्य हासिल गर्न, दिगो विकासका लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरिति, कुप्रथा र विभेद हटाई समान पहुँच र अवसर प्रदान गरी लैंगिक समानता कायम गर्नका लागि न्यायपुर्ण समाजको स्थापना गर्नु आवश्यक रहेको छ । नेपालले गरेका अर्न्तराष्ट्रिय प्रतिवद्धतालाई पुरा गरी  लैंगिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्नका लागि यो लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति आवश्यक रहेको छ ।

यस नीतिले लै.गिक समानता कायम गर्ने दिशामा पालिका तथा सिंगो नेपालले नै हाँसिल गरेको उपलब्धिलाई निरन्तरता दिंदै लै.गिक उत्तरदायि शासन पद्धतिलाई ससस्थानीय तहदेखि नै संस्थागत गर्न चन्द्रागिरि नगरपालिकालाई मार्गनिर्देश गर्नेछ । यस नीतिले सार्वजनिक क्षेत्र, निजि क्षेत्र,सहकारी,गैरसरकारी संस्था एवं सामुदायिक संस्था सवैमा लै.गिक संवेदनशील व्यवहारको विकाश गरी लैंगिक मैत्री नीति योजना तथा कार्यक्रममा सामन्जस्यता ल्याउन समन्वय गर्नेछ । समृद्ध नेपाल सुखी नेपालीको साझा राष्ट्रिय  आकांक्षा पुरा गर्न समेत यसले योगदान गर्नेछ ।

**६. परिभाषा**

विषय वा प्रङ्गगले अर्को अर्थ नलागेमा, यस नीतिमा,

यस नीतिको नाम “लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति, २०७७” रहेको छ ।

“नगरपालिका” भन्नाले चन्द्रागिरि  नगरपालिकालाई जनाउँदछ ।

“लैङ्गिक समानता” भन्नाले सवै लिंगलाई समान मानव/व्यक्तिहरूका रूपमा समानव्यवहार गर्नु हो, जस्तै : समानज्याला, स्थानीय स्रोत तथा सेवामा समान पहुँच र नियन्त्रण, समान मताधिकार, समान र अर्थपुर्ण सहभागिता र प्रतिनिधित्व आदि ।

“सामाजिक समावेशीकरण” भन्नाले समाजमा रहेका स्रोत तथा सेवाबाट वञ्चितिकरणमा परेका वर्ग र राज्यको शासकीय क्रियाकलापहरुबाट वाध्यतावस अलग हुन पुगेका वा पुर्‍याइएका विभिन्नवर्ग, लिङ्ग, समूदाय, सम्प्रदाय, धर्म, वर्ण, जात, जातीयता, भाषा, उमेर, अपाङ्गता तथा आर्थिक वा अन्य स्थितिको आधारमा वञ्चितिकरणमा परेका वा पछाडी परेका वा पारिएका व्यक्तिहरुलाई राज्यको शासन सञ्चालन, कानून् निर्माण तथा सार्वजनिक नीतिहरुको तर्जूमा, कार्यान्वयन एवं मूल्याङ्कन प्रक्रृयामा सहभागी हुने अवसरहरूको बृद्धि गरेर, स्रोतहरूमा पहुँच र नियन्त्रण बढाएर, उनीहरुको अधिकारहरूको संरक्षण गरेर विकासको मूलप्रवाहमा ल्याउने एउटा प्रकृया हो ।

**७. लैगिक नीतिका आधारस्तम्भहरु :**

* लैंगिक हिंसा अन्त्यकालागि प्राथमिक रोकथाम /नियन्त्रण शैली

* लैंगिकताका आधारमा हुने हिंसाका प्रमुख कारकका रुपमा सामाजिक लैगिक विभेद बाट उत्पन्न महिला र पुरुष बिचमा रहेका असमान शक्ति सम्बन्ध एवं हानीकारक परम्परा हो भन्ने कुराको आत्मसात ।

* शिक्षा, स्वास्थ्य र रोजगारीमा सबैको समान पहुँच बढाउन नीतिगत ब्यबस्था
* सामाजिक न्याय र समानुपातिक समावेशी सिद्धान्तमा आधारीत
* मानव अधिकारमूखी शैली
* सहकार्य एवं सहभागितामा आधारीत पद्दती
* तथ्यमा आधारीत

**८. दिर्घकालिन सोचः** मर्यादित, न्यायपूर्ण, सुरक्षित र सभ्य नगरपालिकाको निर्माण ।

**९ दिर्घकालिन सोचको परिदृश्यः** सवै क्षेत्रमा महिलाको सारभुत र अर्थपुर्ण सहभागिता सुनिश्चित गर्दै आथिृक र सामाजिक रुपान्तरणद्धारा लैंगिक समानता कायम गर्ने ।

**१०. लक्ष्य :**सामाजिक, आर्थिक, राजनैतिक सांस्कृतिक अवसरहरुमा समान लैङ्गिक सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्ने ।

**११. उद्देश्यः**

- पछाडि परेका समुहहरुका सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरणका लागि सहजिकरण गर्दा महिलाका अवस्थालाइ विशेष ख्याल गदै लैंगिक समानताका अधिकार सुनिश्चित गर्नु ।
- लैंगिक विभेदमा आधारीत हिंसा, भेदभाव अन्त्य गर्नु ।
- महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक अवसरमा बृद्धि गदै निर्णायक तहमा महिलाको सार्थक र समान पहुँच बढाउनु ।
- आधारभुत अधिकारहरु सुनिश्चित गर्ने आधार तयार गर्दै महिला, बालबालिका, जेष्ठनागरिक, अपांगता भएका ब्यक्तिहरुको सहभागिता र अधिकार सुनिश्चित गरी सामाजिक सुरक्षाको ब्यबस्था गर्नु ।

**१२. रणनीति :**

- लैगिक हिसाविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सामाजिक भेदभाव र बहीस्करण अन्त्यका लागि निरोधात्मक, प्रवर्धनात्मक र संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने ।
- नीति निर्माण, कार्यक्रम कार्यान्वयनमा महिलाको समानुपातिक अर्थपुर्ण प्रतिनिधित्व सुनिश्चित हुने एवं प्रतिफलमा समान अधिकार लागुहुने नीति अवलम्बन गर्ने ।
- नगरपालिकाले तयार गर्ने सम्पूर्ण नीतिगत र कानूनी दस्तावेजहरुलाई लैंगिक सम्वेदनशिल बनाउनुका साथै महिलाहरु सम्मानित भएर बाँच्न सक्ने आधार तयार गर्ने ।
- कानून निर्माण गर्ने संयन्त्रहरू र कार्यान्वयन गर्ने निकायहरूलाइ लैङ्गिक संवेदनशिल बनाउन सहजिकरण गर्ने ।
- लैङ्गिक हिंसाको जोखिम कम गर्न समुदायहरूमा जनप्रतिनिधिहरुको अगुवाईमा महिला, युवा तथा निगरानी समूहहरू गठन, सुदृढीकरण तथा परिचालन गर्ने ।

- हानीकारक परम्परागत अभ्यासहरु, विभेदपूर्ण सामाजिक मूल्य मान्यता एवं महिलामाथि हुने विभेदपूर्ण दृष्टिकोणको अन्त्य गर्न "परिवर्तन सम्भव छ, आफु बाट सुरु गरौं" जस्ता अभियान संञ्चालन गर्ने ।
- लैंगिक तथा समावेशिता सम्बन्धि खण्डीकृत तथ्याक(Disaggregated data) संकलन, विश्लेषण र नियमित रूपमा अद्यावधिक गर्दै समस्या सम्बोधनका लागि नयाँ रणनीति, योजना तय गर्ने ।
- नगरपालिकाका योजना तथा कार्यक्रमहरू लैंगिक तथा सामाजिक समावेशीकरण केन्द्रित गरी कार्यक्रमको तर्जुमा गर्दा स्थानीय सरकारले नगरवासी, विभिन्न संजाल, संस्थाहरु संगको समन्वय र सहकार्यमा काम गर्ने ।
- लैंगिक संवेदनशील बजेट र लैंगिक उत्तरदायी बजेट परीक्षण प्रणाली अवलम्बन गर्ने ।
- सबै प्रकारका हिंसा न्यूनीकरण गर्न युवा, पुरुष एवं परिवारका नेतृत्वसँगका साझेदारी र सामुहिक परिचालनमा ध्यान दिनुका साथै किशोर-किशारी, युवा तथा महिलाहरुको सशक्तिकरणका लागि सहजिकरण गर्ने ।
- हाल स्थापित सामाजिक लैंगिक भुमिकामा परिवर्तन ल्याउनसक्ने योजनाहरुको छनौट गरी नयाँ रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

## १३. नीति तथा कार्यनीतिः

| | |
|---|---|
| **१. सबै प्रकारका लैंगिक विभेद अन्त्य गर्न गरिने क्रियाकलापः** | - महिला तथा वालवालिका विरुद्ध लैंगिक विभेदका आधारमा हुने सवै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीति अवलम्वन गरी तिनको नियन्त्रण एवं रोकथामका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँच योग्य बनाउने ।<br>- असहाय लैंगिक हिसा पीडीत तथा प्रभावितको संरक्षणको लागि आवश्यकता अनुसारका सेवा तथा सुविधाका लागि उचित व्यवस्था मिलाउने ।<br>- लैङ्गिक विभेदमा आधारित हिंसाका स्वरुपहरुको अध्ययन अनुसन्धान मार्फत लैङ्गिक हिंसाको सुचाङ्कहरु तयार गरी हिंसामुक्त चन्द्रागिरि नगरपालिका घोषणा गर्ने ।<br>- विभिन्न किसिमका विपद्हरुको समयमा हुन सक्ने महिला हिंसा/घरेलु हिंसा/लैङ्गिक हिंसा र विभेद विरुद्ध चन्द्रागिरि नगरपालिका विशेष रुपमा सकृय रहने ।<br>- लैङ्गिक समानता सम्बन्धी आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।<br>- नगरपालिकाका हरेक योजना तथा कार्यक्रमहरु निर्माण तथा कार्यान्वयन गर्दा लैङ्गिकमैत्री शब्द शव्दावलीको प्रयोग गर्ने ।<br>- संचार माध्यमहरुमा क्रियाशिल पत्रकारहरुका लागि लैंगिक समानताको दृष्टिकोण बाट क्षमता विकास गरी संचार क्षेत्र लाई लैंगिक संवेदनशील बनाउन पहल गर्ने ।<br><br>- सार्वजनिक तथा निजी क्षेत्रका कार्यस्थलमा महिला वालबालिका,किशोरी, अपांगता, जेष्ठनागरिक माथि हुने भेदभावजन्य व्यवहारलाई निषेध गरी सुरक्षित वातावरण निर्माण गर्न पहल तथा कार्यक्रम निर्माण गर्ने । |

| | |
|---|---|
| | - यौन दुर्व्यबहार विरुद्धको कानुनका बारेमा समुदायस्तरदेखि नै सचेतना अभियान संचालन गरिनेछ ।साथै सार्वजनिक यातायातका सवारी साधनहरु लैंगिक मैत्रि बनाउन ब्यवसायीहरु संग छलफल तथा अर्न्तक्रिया कार्यक्रमहरु संचालन गर्ने ।<br>- महिला अधिकार तथा मानव अधिकारको क्षेत्रमा क्रियाशिल अधिकार कर्मि तथा समुदायका महिलाहरुको प्रत्यक्ष सहभागितामा लैङ्गिक दृष्टिकोणले अत्यावश्यक ठानिएका योजनाहरुलाई प्राथमिकतामा राख्ने ।<br>- नेपाल सरकारको कार्यस्थलमा हुने यौन दूर्व्यवहार नियन्त्रण सम्बन्धी ऐनलाई कार्यान्वयन गराउन पहल गर्ने ।<br>- महिलाहरुलाई आत्मनिर्भर बनाउन सिप तथा क्षमता अभिबृद्धिका लागि गतिबिधि संचालन गर्ने महिला सशक्तीकरणका लागि टोल तथा वडास्तर देखि नै विभेदकारी सोच तथा ब्यबहारमा परिवर्तन गर्न विभिन्न सुचना तथा शिक्षा मुलक गतिविधिहरु संचालन गर्ने ।<br>- मातृ मृत्युदर, बाल मृत्युदर घटाउन कार्यकम गर्ने साथै सुरक्षित मातृत्व सेवालाई प्रभावकारी बनउन पहल गर्ने । निशुल्क एम्बुलेन्स सेवा संचालन गर्ने<br>- नगरपालिका क्षेत्रमा रहेका Birthing centreमा लैंगिक तथा अपांग मैत्रि बनाउन पहल गर्ने ।<br>- गर्भवती जाँच गर्न आउँदा श्रीमतीलाई श्रीमान्ले लिएर संगै आउन थप प्रोत्साहन गर्ने, आउँदा जोडिलाई नै संगै राखेर बच्चाको स्याहार कसरी गर्ने अभिमुखिकरण गर्दै ४ पटक सम्म संगै आउने जोडिलाई थप भत्ता दिने खालका स्किम ल्याउने ।<br>- अपाङ्गता भएका व्यक्तिहरुमाथि हुन सक्ने हिंसाको अन्त्य गर्दै आत्मनिर्भर बनाउन रोजगारी, स्वरोजगारीका अवसर सिर्जना गर्ने ।<br>- वर्षको १ पटक पालिका भरीका सक्रीय महिलाहरुको सहभागितामा महिला अधिकारका नयाँ मुद्धाहरुको पहिचान एवं आवश्यकता अनुरुपको क्षमता विकास कार्यकम राख्ने ।<br>- नव विवाहित जोडि विवाह दर्ता गर्न आउँदा सकारात्मक सम्बन्ध बिस्तार तथा परिवारनियोजनका साधन सम्बन्धी जोडि परामर्श नगरपालिका बाट गर्ने ब्यबस्था मिलाउने ।<br>- अनौपचारीक क्षेत्रमा काम गर्ने श्रमिकहरुलाई पंजिकरण गर्ने तथा सामाजिक सुरक्षाको दायरामा ल्याउने प्रक्रियागत कार्यको थालनी गर्ने ।<br>- मानव बेचबिखन, बलात्कार लगायत गम्भीर प्रकृतिका महिला विरुद्धका हिंसा नियन्त्रणको लागि टोल टोलमा समिति गठन, सचेतना अभिवृद्धिका लागि घुम्ति सुचना शिविर लगायतका कार्य संचालन गर्ने ।<br>- कुरितिजन्य हिंसाहरुलाई दुरुत्साहनका लागि जनचेतना मुलक कार्यक्रम गर्ने ।<br>- यौनशोषण तथा जबरजस्ती करणीबाट गर्भधारण भई जन्मिएका बच्चा वा जबरजस्ती गर्भपतन गराउन बाध्यपारिएका महिला/बालिकालाई विशेष संरक्षण नगरपालिकाबाट वा अन्य संघसंस्थाहरुसंगको समन्वयमा प्रदान गर्ने ।<br>- साथै त्यसरी जन्मिएका बालबालिकाहरुको संरक्षण गरी उनीहरुमा कुनैपनि प्रकारको भेदभाव तथा विभेद हुननदिन कार्यक्रमहरु संचालन गर्ने ।<br>- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, महिला विरोधी कार्यहरु जस्तै गाली, बेइज्जती, अपमान घृणा, प्रतिशोधहरुमा चन्द्रागिरि नगरपालिकाले शून्य सहनशीलताको नीति अबलम्बन गर्ने । |

| | |
|---|---|
| | - लैङ्गिक हिंसाका पिडक, फौजदारी कसुरदार, छुवाछुत कसुरदारलाई चन्द्रागिरि नगरपालिकाको कुनै पनि समारोह र अवसरहरुमा अस्वीकार गर्ने । |
| **२. लैंगिक उत्तरदायी शासन पद्धतीलाई संस्थागत गर्न गर्ने क्रियाकलापहरु:** | - **लैङ्गिक हिसा, भेदभाव र बहिष्करणको अन्त्यकालागि न्यायमा पहुँच बढाई संरक्षणात्मक र सुधारात्मक उपायहरु अवलम्बन गरिनेछ :**<br>- योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रकृयामा समान सहभागितालाई अनिवार्य गर्ने ।<br>- महिला, दलित, आदीवासी जनजाती, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, धार्मिक अल्पसख्यंक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, लोपोन्मूख जाति, पिछडावर्ग, एकल महिला, विपन्नवर्गका नागरिकहरुको सकारात्मक विभेद र आरक्षणको माध्यमबाट चन्द्रागिरि  नगरपालिकाका हरेक अवसर, कार्यक्रमहरूको विकास प्रकृया तथा योजना निर्माणका तहहरुमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।<br>- चन्द्रागिरि नगरपालिकामा रहेका सिमान्तकृत यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको तथ्याङ्क संकलन गरि उनीहरुका आवश्यकताहरु पहिचान गरि लक्षित कार्यक्रमहरु निर्माण तथा कार्यान्वयन गर्ने ।<br>- नीति निर्माण तथा योजना तर्जुमाको प्रकृयामा संलग्न रहने सबै जनप्रतिनिधि तथा सरोकारवालालाई लैङ्गिक सम्वेदनशीलता, लैङ्गिक तथा सामाजिक रुपान्तरण र लैङ्गिक उत्तरदायी बजेट र योजना तर्जुमा प्रकृयाबारे अभिमूखीकरण गर्ने ।<br>- चन्द्रागिरि  नगरपालिकाको नीति निर्माणमा महिलाहरुको पहुँच वृद्धि गरी आवश्यकता अनुसार क्षमता विकासका गतिविधिहरु निर्माण तथा संचालन गर्ने ।<br>- लैङ्गिक हिंसा सम्बन्धी फौजदारी घटनालाई समुदायमा दबावपूर्वक मेलमिलाप गर्ने पद्धतिलाई अन्त्य गरी कानुनी प्रक्रिया भित्र्याउने परिपाटीको विकास गर्ने ।<br>- विभिन्न किसिमका विपद्हरुको समयमा हुन सक्ने महिला हिंसा/घरेलु हिंसा/लैङ्गिक हिंसा र विभेद विरुद्ध चन्द्रागिरि  नगरपालिका विशेष रुपमा सकृय भई सेवा प्रदान गर्ने ।<br>- महिला विरुद्ध हुने सवै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीति अवलम्वन गरी तिनको नियन्त्रण एवं रोकथामका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँच योग्य बनाउने ।<br>- असहाय, लैंगिक हिसा पीडीत तथा प्रभावितको संरक्षणको लागि अस्थाई आवासको व्यवस्था मिलाइने छ ।<br>- चन्द्रागिरि नगरपालिकाको वजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट कम्तीमा १५ प्रतिशत वा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोके बमोजिम गरिनेछ ।<br>- लैंगिक हिंसा निवारण, एकल महिला, वालवालिका, जस्ता कोषहरुको परिचालन गरी सेवा प्रदान गर्ने ।<br>- नगर पालिकाको आवधिक (५वर्षे ) योजनाको तर्जुमा गर्दा लैंगिक संवेदनशिलतालाई आधार मानी तयार गर्ने ।<br>- नगरपालिकाले तर्जुमा गर्नु पर्ने नीतिहरु, कार्यविधि तथा रणनीति तयार गरी ( प्रजनन स्वास्थ्य सम्बन्धि नीति, लैंगिक समानता नीति, लैंगिक हिंसा विरुद्धको रणनीति, सामाजिक सुरक्षा नीति ) प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने ।<br>- नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेसिकरण समिति निर्माण गरी कार्यपालिकाले एकजना लैंगिक सम्पर्क विन्दु (Focal person) तोक्ने । |

| | |
|---|---|
| | - नगरपालिकाबाट निर्मित विभिन्न नीति कानून, योजना र कार्यक्रमहरूलाई लैङ्गिक संवेदनशीलता र लैङ्गिक मैत्री बनाउन मापदण्ड तयार गरी लागु गर्ने ।<br>- लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई परिणाममूखी बनाउन संयन्त्रहरु गठन गर्ने ( हरेक टोल विकास संस्थामा लैंगिक सचेतीकरण र अवस्था पहिचानका लागि समिति निर्माण गर्ने )<br>- लैंगिक हिंसामुक्त नगरका लागि आवश्यक संरचनाहरु ( लैंगिक हिंसामुक्त समन्वय समिति, अनुगमन समिति जस्ता संरचनाहरु) कार्यविधि मार्फत व्यवस्थित गर्ने ।<br>- लैङ्गिक उत्तरदायी शासन पद्धति कार्यान्वयन भए नभएको जानकारी लिन लैङ्गिक परीक्षण गर्ने पद्धति अपनाउने ।<br>- लैङ्गिक समानता तथा महिला सशक्तिकरणको लागि बजेट विनियोजन र कार्यान्वयन गर्ने परिपाटि बसाल्न निश्चित (प्रतिशत्) रकम छुट्याउने नीतिगत व्यबस्था गर्ने ।<br>- दिगो विकास लक्ष्य अनुसार लैङ्गिक सूचकहरूलाई परिभाषित गरी वर्गीकृत सूचना संकलन, विश्लेषण तथा उपयोग गर्ने प्रणालीको विकास गर्ने ।<br>- महिलाहरुको नेतृत्वदायि भूमिकालाई अझ बढि प्रभावकारी बनाउन साझेदार संस्थाहरू मार्फत महिलाका लागि वैयक्तिक, सामाजिक राजनीतिक सशक्तिकरण गर्ने कार्यक्रमहरू संचालन गर्ने ।<br>- नागरिक सहायता कक्षको स्थापना तथा प्रभावकारी व्यबस्थापन गर्ने ।<br>- नगरपालिका भित्रका हरेक निकायबाट दिइने सुविधाहरु लैङ्गिकमैत्री बनाउने ।<br>- जनप्रतिनिधिहरुको शासकिय क्षमता अभिबृद्धि (लैंगिक शासन पद्धतिलाई व्यबस्थित गर्न) मा जोड दिने ।<br>- नगरपालिका भित्रका सबै संयन्त्रहरुलाई लैंगिक तथा सामाजिक समावेशीकरण मैत्री बनाउने । (शिशुस्याहार केन्द्र, कर्मचारी भर्ना गर्दा महिलालाई प्राथमिकता)<br>- नगरपालिका भित्र निर्माण गरिने भौतिक संरचनाहरु लैङ्गिकमैत्री (बालबालिका, महिला, अपांगता, जेष्ठ नागरिक मैत्री) बनाउने ।<br>- प्रत्येक बर्ष नगरपालिकाको लैंगिक मैत्री परिक्षण (GESI Audit) गर्ने साथै पालिका द्बारा संचालित कार्यक्रमहरुको अनुगमन र मुल्यांकन लैंगिक दृष्टिकोण बाट गर्ने ।<br>- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री चन्द्रागिरि नगरपालिका निर्माणका लागि सबै जातजाति र लिङ्गको प्रतिनिधित्वहुने गरी टोल टोलमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) निगरानी समिति बनाई परिचालन गर्ने ।<br>- महिलाहरुको हक अधिकारको संरक्षण सम्बन्धि कानुनी जानकारी, सम्बन्धित निकायहरुमा सिफारिस, उपचार, तथा निःशुल्क सेवा परामर्श प्रदान गर्न सेवा तथा सुचना केन्द्रहरुको स्थापना गर्ने ।<br>- बेचबिखन बलात्कार लगायत गम्भीर प्रकृतिका महिला विरुद्धका हिंसा नियन्त्रणको लागि टोल टोलमा समिति गठन, सचेतना अभिवृद्धिका लागि घुम्ति सुचना शिविर लगायतका कार्य संचालन गर्ने ।<br>- बालबालिकाहरुको जन्मदर्ता, प्रारम्भिक बालविकास, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, मानसिक तथा प्रजनन स्वास्थ्य तथा सर्वाङ्गिण व्यक्तित्व विकासका निम्ति आवश्यक व्यवस्था गर्ने । |

| | |
|---|---|
| **३. दिगो विकास र आर्थिक समृद्धिकालागि लागि गरिने क्रियाकलापहरु .** | - हरेक क्षेत्रमा ५० प्रतिशत महिला सहभागीता अनिवार्य गर्ने । (हरेक उपभोक्ता समिति समुह संरचनामा पदाधिकारी सहित अर्थपूर्ण प्रतिनीधित्वको व्यवस्था)<br>- आर्थिक, सामाजिक, राजनीतिक विपन्नताको सूचकहरु तयार गरी पिछडिएका वा पछाडि पारिएका महिला तथा बालबालिका लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>- महिला, दलित, आदीवासी जनजाती, अल्पसख्यक, लोपोन्मूख जाति, पछाडिपारिएका वर्गका नागरिकहरुको आर्थिक तथा सामाजिक विकासका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोके बमोजिमको लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>- सामुहिक उद्यमी महिला कार्यक्रमलाई प्रोत्साहन गर्ने । महिला उद्यमीहरुले<br>- संचालन गरेका उद्योग, ब्यबसायहरुलाई बिशेष प्राथमिकता, अनुदानको ब्यबस्था साथै महिलाको नाममा दर्ता गर्ने उद्योगलाई राजस्वमा बढि छुट गर्ने नीतिको अबलम्बन र महिला उद्यमीद्धारा उत्पादित बस्तुको बजारिकरणका लागि सहजिकरण गर्ने ।<br>- रोजगारिका विकल्पहरु पहिचान र स्वरोजगार सम्बन्धि कार्यक्रमलाई प्रोत्साहन गर्ने ।<br>- विभिन्न जातजाति तथा समुदायको लोपोन्मूख भाषा एवं संस्कृतिहरुको संरक्षण र संबर्द्धनको लागि विशेष व्यवस्था गर्ने ।<br>- बूढानीलकण्ठ नगरपालिकामा उपलव्ध रोजगारी लगायतका अन्य अवसरहरुमा सबै नागरिकहरुको समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गर्ने ।<br>- एकल, (एक्लै परिवार पाल्नुपर्ने) तथा आर्थिक रुपले विपन्न महिलाहरुको सामाजिक सुरक्षा, रोजगारी तथा उद्यम सिर्जना गर्ने कार्यलाई प्राथमिकता दिने ।<br>- प्राबिधिक तथा अन्य क्षेत्रहरुमा (जस्तै बिद्युत वाएरिङ, प्लम्बिङ, सवारी वर्कसप, भवन तथा सडक निर्माणको कार्य, सवारी चलाउने) महिला तथा यौनिक अल्पसंख्यकलाई अवसर दिने तथा कार्यगर्ने दुबैलाई प्रोत्साहन गर्ने नीति अबलम्बन गर्ने ।<br>- समान कामको समान ज्यालालाई अनिवार्य गर्ने ।<br>- स्थानीय सरकारले गर्ने करार नियुक्ति तथा स्थायी पदपूर्तीमा ५० प्रतिशत महिला (जसमा हिंसा पिडित प्रभावितलाई प्राथमिकता ) अनिवार्य गर्दै संख्याको आधारमा यौनिक अल्पसंख्यकलाई पनि प्राथमिकता दिने ।<br>- नगर प्रहरीमा ५० प्रतिशत महिला प्रहरी रहने गरी नीतिगत ब्यबस्था गर्ने ।<br>- नीजि संम्पत्तिको स्वामित्व श्रीमान् श्रीमती दुबैको संयुक्त रहने गरी लालपुर्जाको ब्यबस्थालाई अनिवार्य गर्ने ।<br>- कृषि, पशुपालन, फलफूल, तरकारी, मौरी पालन लगाएतका ब्यबसायिक क्षेत्रलाई आधुनिकिकरण गर्दै महिलाको सुरक्षित र समान पहुँच बढाउने नीतिगत ब्यबस्था गर्ने ।<br>- घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक मूल्य कायम हुने गरी आर्थिक गणना गर्ने कार्यलाई प्रक्रियागत रुपमा अगाडि बढाउने ।<br>- महिला, दलीत, सिमान्तकृतको लागि छुट्याइएको बजेट सोही समुहको स्तरोन्नती, सशक्तिकरण, नेतृत्व विकासका लागि खर्च गर्ने ।<br>- लक्षित तथा सिमान्तकृत, द्वन्दपिडीत र अल्पसंख्यक महिलाहरुको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागिविशेष कार्यक्रमहरु सञ्चालनमा ल्याउने ।<br>- किशोरीहरुलाई प्राविधिक क्षेत्रमा आउन प्रोत्साहन गर्दै कृषि जेटिए, ग्रामिण<br>- पशुस्वास्थ्य कार्यकर्ता, स्वास्थ्य क्षेत्रमा छात्रवृत्तिको ब्यबस्था गरी परिचालन गर्ने । |

| | |
|---|---|
| | - आर्थिक, सामाजिक, राजनीतिकरुपले विपन्न एवं एकल महिलाहरुको लागि आय-आर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रमहरु कार्यान्वयनमा ल्याउने ।<br>- महिला समूहहरुद्वारा स्थापित सहकारी संस्थाहरुलाई उत्पादन र कृषिजन्य उद्योगहरुको लागि विशेष प्रोत्साहनका साथै सीपमूलक तालिमको विशेष व्यवस्था गर्ने ।<br>- स्थानीय सरकारको नीति र कार्यक्रम मार्फत महिलाहरुको अवैतनिक कार्यभार पहिचान गरी सोको न्युनिकरण र पुनर्वितरण गर्दै उत्पादनमूलक स्रोत साधनहरुमा उनीहरुको पहुँच, नियन्त्रण, स्वामित्व र व्यवस्थापन सुनिश्चित गर्ने ।<br>- महिलाहरुमा उद्यमशीलता विकास गरी व्यवसाय सञ्चालन गर्न सहुलियत ऋण तथा वित्तिय पहुँचको व्यवस्था मिलाउने ।<br>- महिला समूह/संस्थाहरुद्वारा उत्पादित सामाग्रीहरुको गुणस्तर प्रवर्द्धन र बजारमा पहुँचको सुनिश्चितता गर्ने ।<br>- दलित, आदिवासी जनजाती लगायतका समुदायहरुको परम्परागत पेशाहरुको संरक्षण, संबर्द्धन र आधुनिकीकरण गरी व्यवसायीकरणमा जोड दिने ।<br>- चन्द्रागिरि नगरपालिका भित्र सञ्चालनमा आउने ठुला आयोजनाहरु तथा कम्पनीहरुमा दलित, आदीवासी जनजाती, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लोपोन्मूख समुदायजाति, पछाडिपारिएका वर्ग, विपन्नवर्ग तथा सीमान्तकृत समुदायलाई प्रथामिकताका आधारमा सेयर दिने व्यवस्था मिलाउने ।<br>- युवा स्वरोजगार कोष तथा अन्य निकायबाट उपलब्ध हुने सेवा सुविधाहरुमा दलित, आदीवासी जनजाती, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लोपोन्मूखजाति, पछाडिपारिएका वर्ग, विपन्नवर्ग तथा सीमान्तकृत समुदायका युवाहरुको पहुँचमा वृद्धि गर्ने । साथै उनीहरुलाई कर छुट तथा सहुलियतपूर्ण ऋणको समेत व्यवस्था गर्न पहल गर्ने ।<br>- संविधानको धारा २४ अन्तर्गत छुवाछुत तथा भेदभाव विरुद्धको हकको आवश्यक कार्यन्वयनका सम्बन्धमा नीति, कार्यक्रम र बजेटको व्यवस्था गरी चन्द्रागिरि नगरपालिका स्तरीय छुवाछुत विरुद्ध सचेतना अभियान सञ्चालनको व्यवस्था गर्ने ।<br>- संविधानको धारा ४० कार्यान्वयन गराउन नगरपालिका भित्र रहेका भूमिहीन दलितलाई एक पटक जमीन र आवासविहीन दलितलाई बसोबासको आवश्यक व्यवस्था गर्ने ।<br>- दलित समुदायका बालबालिकाहरुलाई उच्चशिक्षा एवं छात्रवृत्तिको व्यवस्था गर्ने । |
| **४. समाजमा रहेका कुरीतीजन्य तथा हानिकारक परम्परागत अभ्यासहरुका कारण महिला तथा बालिकाहरुले भोग्नु परेका दुर्व्यबहार तथा हिंसा अन्त्य गर्न गरिने क्रियाकलापहरु** | - चन्द्रागिरि नगरपालिका अन्तर्गत वडा स्तरीयरुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) मैत्री तथ्याङ्क (विवरण) संकलन तथा नियमित अद्यावधिक गरी लक्षित कार्यक्रमहरुको विकासमा जोड दिने ।<br>- कुरीतीजन्य तथा रुढिवादि परम्परा, संस्कार परिवर्तन तथा लैङ्गिक हिंसा अन्त्यका लागि समुदायका अगुवा महिला, धार्मिक गुरु,पुरुष, युवाहरु बिच अन्तरक्रिया, बहस छलफल चलाउनुका साथै कानूनी शिक्षाका सूचना सामग्री बनाई अनुशिक्षण गर्ने, प्रचारप्रसार गर्ने ।<br>- सामाजिक अन्तरघुलन र सदभावलाई प्रवर्द्धन गर्नका लागि दलित र गैर दलित अन्तरजातीय विवाह गर्ने जोडीलाई विशेष सम्मान, सामाजिक सुरक्षा र रोजगारीको अवसरमा प्राथमिकता दिने व्यवस्था गर्ने । |

| | |
|---|---|
| | - जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रियदिवस, अन्तराष्ट्रिय महिल दिवस, मानवअधिकार दिवस, जातीयविभेदविरुद्धको अन्तराष्ट्रिय दिवस लगायत अन्य महत्वपूर्ण दिवसहरुलाई सन्देशमुलक रुपमा चन्द्रागिरि नगरपालिकामा विविध कार्यक्रमहरुको आयोजना गरि मनाउने ।<br>- छुवाछुत मुक्त राष्ट्र घोषणालाई कार्यान्वयन गर्न दलित लक्षित बेजटको व्यवस्था गरी टोल, वडा र चन्द्रागिरि नगरपालिकालाई छुवाछुत मुक्त घोषणा गर्ने ।<br>- दलित समुदायका बालबालिकाहरुलाई उच्चशिक्षा एवं छात्रवृत्तिको व्यवस्था गर्ने ।<br>- बालविवाह, बहुविवाह, मानव बेचविखन, यौनजन्य दुर्व्यवहार, श्रम शोषण, दाईजो प्रथा, बोक्सीको आरोप जस्ता सामाजिक कुरितीका विरुद्ध चेतनामूलक अभियान सञ्चालन गर्ने ।<br>- महिला सदस्यहरुको नेतृत्वमा हरेक वडाका टोल टोलमा समूह गठन (महिला, युवा, किशोर किशोरी समूह गठन तथा परिचालन) गरी उनिहरुलाई विषयगत रुपमा तालिम दिई लैङ्गिक भूमिका रूपान्तरण, सोच र ब्यबहारमा परिवर्तनका लागि उनिहरुलाई नै स्वयं जिम्मेवार बनाउँदै परिचालन गर्ने ।<br>- शिक्षकहरुलाई तालिम दिई विद्यालयमा लैंगिक विभेद, वाल विवाह, यौन हिंसा तथा यौन दुर्व्यबहार लगायतका विषयमा छात्रछात्राहरुलाई सुसुचित गर्न हप्तामा कम्तीमा एउटा कक्षा महिला वालवालिका शाखाका प्रतिनिधिबाट अनिवार्य रुपमा लिने ब्यबस्था मिलाउने ।<br>- व्यक्ति, परिवार, धार्मिक गुरु, अगुवा, शिक्षक, युवाहरु, टोल विकास समितिहरुलाई महिला अधिकार , लैंगिक समानताको सवालमा सुसुचित गराउँदै लैंगिक हिंसा न्यूनिकरणमा सक्रिय भूमिका निर्वाह गर्न प्रोत्साहन गर्ने ।<br>- हिंसा विरुद्ध समूह, समुदाय, न्यायीक समिति, अन्य कानून कार्यान्वयन गर्ने निकायको भूमिकालाई प्रभावकारी बनाउन योजना निर्माण तथा कार्यान्वयन गर्ने ।<br>- हिंसा नियन्त्रण गर्न कर्तब्यबोध नगर्ने, लापरवाहि गर्ने, पिडकको संरक्षण गर्ने, सबैलाई कानूनी दायराभित्र ल्याउनुका साथै सामाजिक रुपले बहिस्कार गर्ने ।<br>- शिक्षक, राजनीतिक दल, नागरिक समाज, प्रहरी, पत्रकार लगाएत सरोकारवाला र स्थानीय सरकारबीच समय समयमा सार्वजनिक वहस एवं सम्वादका कार्यक्रम सञ्चालन गर्ने ।<br>- सार्वजनिक धार्मिक कार्यक्रमहरुमा महिला पण्डितहरुलाई सम्मान गर्ने ।<br>- घरेलु कामकाज, हेरचाह कार्य, अभिभावकीय भूमिका लगाएत पूर्नउत्पादनका क्रियाकलापमा महिला र पुरुषको समान भूमिका दायित्व बोध गराउने गरी प्रर्वद्धनात्मक कार्यक्रम संचालन गर्ने । (श्रीमन्, श्रीमतिलाई संगै राखेर सुसुचित गर्ने )<br>- सबै तहका विद्यालय शिक्षामा लैङ्गिक समानता विषयलाई अनिवार्य समावेश गरी पाठ्यक्रममा परिमार्जन गर्ने ।<br>- हरेक विद्यालयमा एउटा इमरजेन्सी कोठा (अप्ठेरो पर्दा आराम गर्ने,)शौचालय, धारा लैंगिक मैत्री बनाउन अनिवार्य गर्ने । साथै हरेक विद्यालयहरुमा निशुल्क, सेनेटरी प्याड उपलब्ध गराउनुका साथै ब्यबस्थापनका लागि ईन्सुलेटरको व्यवस्था गर्ने ।<br>- महिलाहरुको आङ्ग खस्ने तथा प्रसव फिस्टुलाको समस्या सम्बोधनकाा लगि सुचना मुलक कार्यक्रम सहित हरेक वडामा शिविर संचालन (शिविरको समयमा महिलाहरुको स्वास्थ्यलाई प्रभावपार्ने तत्व, अधिकारको बारेमा सुचना प्रवाह गर्ने) |

| | |
|---|---|
| | - किशोरी, गर्भवती र सुत्केरी महिलाको पोषण सम्बन्धि आवश्यकतालाई पुरा गर्ने कार्यक्रम ल्याउने<br>- समाजमा छोरा र छोरीको समान मान्यता स्थापित गर्न छोरी छोरी हुने दम्पतिलाई प्रोत्साहन गर्न सम्मान गर्ने ।<br>-सामाजिक संजाल, विद्युतिय अपराध (Social network, facebook, cyber crime) को बारेमा किशोर, किशोरी, युवा तथा महिलाहरुलाई सुसुचित गर्ने । नगरपालिका सबै वडा स्तरमा के कस्ता विद्यमान हिंसा छन् त्यस बाट के कस्तो असर परिरहेको छ , को बढि जोखिममा छन् लगाएतका सवलमा अध्ययन गरी स्थिति विश्लेषण गर्ने र सोको आधारमा योजना तर्जुमा गरी कार्यान्वयनमा लाने । |
| **५. हिंसा पिडित र प्रभावित महिला र वालिकाहरुको लागि सहज एवं पहुँचयुक्त सहयोगी संयन्त्रको विकास गर्न गरिने क्रियाकलापहरु** | - छुवाछुत मुक्त राष्ट्र घोषणालाई कार्यान्वयन गर्न दलित लक्षित बेजटको व्यवस्था गरी टोल, वडा र चन्द्रागिरि  नगरपालिकालाई छुवाछुत मुक्त घोषणा गर्ने ।<br>- न्यायिक समितिलाई सशक्त बनाउँदै ब्यबस्थित इजलाश तयार गर्ने ।<br>- मध्यस्थ कर्ताहरुमा लैगिक संवेदनशिलता बृद्धिको लागि तालिमको ब्यबस्था गर्ने ।<br>- महिलाको प्रजननस्वास्थ्य अधिकारको बारेमा समुदायमा सुसुचित गराउन महिला स्वास्थ्य परामर्श कर्ताको विकास , परिचालन र सेवालाई निरन्तरता दिने<br>- संघीय सरकार, प्रदेश सरकारले निर्माण गरेका मापदण्ड र निर्देशिकालाई आधार बनाई स्थानिय सरकारले एकिकृत सेवा संचालनका लागि मापदण्ड र निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने ।<br>- उजुरी ब्यवस्थालाई सहज र प्रभावकारी बनाउन हेल्पलाइन फोनको ब्यबस्था गर्ने।<br>- हरेक वडामा मनोविमर्शकर्ताको नीतिगत ब्यबस्था गरी कार्यान्वयन गर्न पहल गर्ने (मनोविमर्शकर्ताको विकास तथा ब्यबस्थापन)<br>- हिंसा पिडित/प्रभावितले निशुल्क कानूनी सेवा संगै सामाजिक न्याय पाउने सहयोगि संयन्त्रको विकास गर्ने ।<br>- निशुल्क स्वास्थ्य उपचार हिंसा पिडित र प्रभावित महिलाहरुको लागि उचित सुरक्षा वासको ब्यबस्था ।<br>- हिंसा प्रभावितका लागि आकस्मिक कोष स्थापना र परिचालन<br>- लैंगिक हिंसा सम्बन्धिका घटनालाई समाज मै दवाव पूर्वक मिलाउने पद्धतिलाई निरुत्साहित गर्ने ।<br>- नगर भित्र शहरी स्वास्थ्य क्लिनिक वा स्वास्थ चौकीमा एकद्धार संकट ब्यबस्थापन प्रणालीलाई सुचारु गर्न पहल गर्ने ।<br>- हिंसा प्रभावितहरुलाई आत्मनिर्भर बनाउन सीप, क्षमता अभिबृद्धि र आर्थिक अनुदानमा ध्यान दिने (सामुहिक तरकारी खेति, ब्यबसायिक सिप विकास, ब्यबसाय संचालन) ।<br>- हिंसा प्रभावित संग आश्रित बालीकाहरुको लागि १२ कक्षा सम्म पढ्न पाउने ब्यबस्थालाई सुनिश्चित गर्ने ।<br>- हिंसा प्रभावित परिवर्तनका बाहेक भएर काम गर्ने वातावरण तयार गर्नुका साथै क्षमता विकासमा सहजिकरण गर्ने ।<br>- लैङ्गिक हिंसा न्यूनिकरणका लागि घर, पारिवार सुरक्षित बनाउन"सुरक्षित घर लैंगिक हिंसा न्यूनीकरणको आधार" सचेतनामुलक अभियान संचालन गर्ने, |

| | |
|---|---|
| | - प्रहरी तथा वकिलहरुलाई लैंगिक संवेदनशिल बनाउन लैंगिक संवेदनशील सेवा प्रवाह सम्बन्धी तालिम संचालन गर्ने साथै समय समयमा छलफल तथा अन्तरक्रिया गर्ने ।<br><br>- हिंसा तथा दुर्व्यवहारमा परेका जेष्ठ नागरिक, एकल महिला तथा अन्य नागरिकहरुलाई संरक्षण, उपचार र मनोविमर्श तथा निःशुल्क सहायता उपलब्ध गराइनेछ । |

**नीति तथा कार्यनीतिः**

संस्था भित्र र बाहिर लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता

- नगरपालिकाको आन्तरिक वातावरण र कार्यक्षेत्रलाई लैङ्गिक हिंसा मुक्त बनाउन यौन शोषण तथा दूर्व्यवहार विरुद्ध आचार संहिता निर्माण गरी लागू गर्ने ।
- तयार भएको आचारसहिंता बारे सम्बद्ध सबैलाई जानकारी गराई लिखित प्रतिवद्धता गराउने ।
- यौन तथा लैङ्गिक हिंसा विरुद्ध गुनासो सुन्न नगरपालिकामा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था गर्ने ।
- नगरपालिका सम्बद्ध कर्मचारी समूह वा सदस्य यौन तथा लैङ्गिक दुर्व्यबहार प्रभावित भएमा तत्काल पिडित ले प्रमुख प्रशासकिय अधिकृत वा लैससास समितिमा उजुरी पेश गर्ने र प्राप्त उजुरीको स्वरुप अनुरुप गुनासो बर्गिकरण गरी कारबाहि प्रक्रिया अगाडि बढाउने ।
- नगरपालिका सम्बद्ध कर्मचारी समूह वा सदस्य यौन तथा लैङ्गिक दुर्व्यबहारमा संलग्न भएको पाईएमा दुर्व्यबहारको किसिम हेरेर लैससास समितीले कारबाही गर्ने

**१४ संस्थागत संरचना**

**.समिति गठन गर्ने**

- चन्द्रागिरि नगरपालिकामा यो नीतिको कार्यान्वयन भएर वा नभएर कसैलाई मर्का परेमा त्यस बारे सुनुवाई गर्नको लागि कार्यपालिकाको १ जना महिलाको संयोजकत्वमा बढीमा ३ जनाको **लैगिक समानता तथा सामाजिक समावेशीकरण समिति** को गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा कार्यपालिकाले निर्णय गर्नेछ ।
- समितिको गठन प्रत्येक वर्षको अषाढ महिनाको मसान्त भित्रमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।
- समितिको स्वरुप, संयोजक १ जना (महिला) तथा सदस्य २ जना (महिला तथा बहिस्करणमा परेका बर्गको प्रतिनिधित्व हुनेगरि )

**१. समितिको काम, कर्तव्य र अधिकार**

- समिति नगरपालिकाको कार्यसमिति प्रति उत्तरदायी रहने छ ।

- समितिले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको उद्देश्य परिपूर्ति गर्नका लागि कार्यपालिकाको संगको समन्वयमा वार्षिक योजना तयार गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवालमा कर्मचारी तथा सदस्यहरुको क्षमता विकास गर्न तालिम तथा सवालगायत गोष्ठिहरुको आयोजना गर्ने ।
- अन्य संघ-संस्थाहरुले आयोजना गरी आमन्त्रित गरिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सवालका कार्यक्रमहरुमा नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने र गर्न व्यवस्था मिलाउने छ ।
- नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्न र त्यसको प्रतिवेदनलाई कार्यान्वयन गर्न कार्यपालिका तथा लैंगिक सम्पर्क विन्दुसंगको समन्वयमा आवश्यक व्यवस्था गर्ने ।
- नगरपालिकामा आकस्मिक वा कुनैपनि प्रकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सवाल श्रृजना भएमा त्यस उपर तत्काल हस्तक्षेप गर्ने ।
- नगरपालिकाको दस्तावेजहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमुखी भए नभएको अध्ययन गरी आवश्यक सुझाव पेश गर्ने ।
- नगरपालिकाको कार्यालय तथा कार्यक्षेत्रमा विभिन्न वञ्चितिकरणमा परेका समुहको भाषा, पहिरनलाई सम्मान गर्ने, कसैलाई पनि भाषा, पहिरनका आधारमा भेदभाव गर्न नहुने र यसरी कुनैपनि कारणबाट हुने विभेदको अनुगमन गर्ने र यसरी हुने विभेदका घटनालाई कार्यवाही प्रकृयामा लैजाने ।

**नीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व :**

लैंगिक समानता नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन तहमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख दायित्व नगर स्तरिय समितिका प्रमुख लगाएत सदस्यहरुको रहनेछ । साथै यसै नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै जनप्रतिनिधिहरु, वडा, टोल स्तरिय समितिका सदस्यहरु लगायत नागरिक समाजको समेत जिम्मवारी र दायित्व रहने छ । विभिन्न समिति तथा समूहहरुलाई क्रियाशिल बनाउने नगर स्तरिय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ ।

स्थानिय सरकारले नीति कार्यान्वयनको लागि आवश्यक जनशक्तिको विकास तथा क्षमता अभिबृद्धिमा पनि जोड दिनेछ । तर्जुमा भएको नीति, कार्यविधि तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि संयोजन गर्ने, बजेटका व्यवस्था गर्ने, फलोअप गर्ने कार्यका नगर स्तरिय समिति जिम्मेवार रहनेछ ।

**१५. कानुनी व्यवस्थाः** यस नीति कार्यान्वयनका लागि नीतिगत व्यवस्था मिलाईनेछ  र आवश्यकता अनुसार निर्देशिका एवं कार्यविधि निर्माण गरी लागु गर्न सकिने छ ।यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि चन्द्रागिरि नगरपालिका...........समिति ले समन्वय र सहजीकरणको भुमिका निर्वाह गर्नेछ ।

**१६. अनुगमन तथा मूल्याङ्कन**

नीतिको कार्यान्वयनको अवस्थाको बारेमा तोकिएको समितिले आवधिक (चौमासिक) रूपमा अनुगमन, समीक्षा र मूल्याङ्कन गर्ने परिपाटी बसाल्न जरूरी हुन्छ। लैङ्गिक समानता नीतिका कार्यान्वयन स्थितिबारे अनुगमन र मूल्याङ्कन गर्ने मुख्य जिम्मेवारी लैङ्गिक समानता प्रवर्द्धन समितिमा रहने छ।
नगरपालिका भित्रका सवै समिति तथा शाखाहरुबाट आ आफ्नो क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा यस नीतिको कार्यान्वयन पक्षलाई समेत समीक्षा गरी समस्याको पहिचान र समाधान हुनेछ। साथै नीतिको पुनरावलोकन ....बर्षमा गरिनेछ।

## १७.साझेदारी तथा सहकार्य

नगरपालिका क्षेत्रको लैंगिक तथा सामाजिक समावेशीकरण रणनीति यस क्षेत्रमा काम गर्न सम्पूर्ण सरकारी/गैरसरकारी संस्था तथा कार्यक्रम वीचको सहकार्य र साझेदारीको एकीकृत प्रयासबाट मात्र आउन सकेको छ। यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि समेत सरकारी, गैरसरकारी, दातृसंस्थाहरु र समुदायवीच अर्थपूर्ण समन्वय तथा सहकार्य हुन्छ भन्ने कुरामा नगरपालिका पूर्ण विश्वास लिएको छ।

## १८. संभावित जोखिम न्युनीकरण योजना

लैङ्गिक समानता नीतिका प्रकृति र स्वरूप वृहत हुनुको साथै बहुपक्षिय सरोकारको विषय भएकोले यसको सफल कार्यान्वयनमा विभिन्न प्रकारको अवरोध आउन सक्छ :

- लैंगिक समानता सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुमा साझा बुझाईमा एकरूपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने सम्भावना।
- पितृसत्तात्मक सोच हावी रहेका सन्दर्भमा लैङ्गिक समानता नीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण नीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ।
- सार्वजनिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा समानुपातिक सहभागिता नहुँदा लैंगिक समानता नीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ।
- लैंगिक समानता लागि राजनीतिक इच्छा शक्ति कम भएमा नीति कार्यान्वयनमा कठिनाई हुने सम्भावना।
- लैंगिक समानता नीति कार्यान्वयनमा दक्ष जनशक्ति तथा वित्तिय स्रोतको अभावमा गतिरोध उत्पन्न हुन सक्छ। लैंगिक समानता नीति बहुपक्षीय सरोकारको विषय भएकोले समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ।

## १९.संशोधन तथा खारेजी सम्बन्धी व्यवस्था

- यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति नेपालको प्रचलित कानूनसंग बाझिएको हकमा त्यस्ता दफाहरु स्वतः खारेज हुनेछन्।
- यस नीतिसंग संस्थाका अन्य दस्तावेजहरु बाझिएको पाईएमा बाझिएका त्यस्ता बुँदाहरु संशोधन गर्न लैङ्गिक समानता तथा समावेशीकरण समितिले कार्यपालिकामा अनुरोध गर्न सक्ने छ।

- यसरी संसोधनका लाीग आएका बुदाहरुमा कार्यपालिकाले छलफल गरि लागू गर्न सक्ने छ तर संसोधन गरिएका बुदाहरु आउदो नगरसभाले अनुमोदन गर्नुपर्नेछ ।

**प्रतिबेदन**

१. तालिम/कार्यक्रमको नाम बिवरण :- लैगिंक समानता सामाजिक समाबेशीकरण रणनीति निर्माण कार्यशाला १ दिने गोष्ठी कार्यक्रम

२. तालिम/कार्यक्रम संचालन गरिने स्थान : - चन्द्रागिरि नगरपालिका बल्म्बु

३. तालिम/कार्यक्रमको अवधी : - १ दिन , संचालन मिति र गते २०७९।०२।२५ बिहान

४. सहभागी संख्या : - ५० जना,जनजाती तथा दलित र अन्य महिला जना । महिला पुरुष

५. तालिम/कार्यक्रमको उद्धेश्य :-

लैगिंक समानता सामाजिक समाबेशीकरण रणनीति निर्माण कार्यशाला १ दिने गोष्ठी कार्यक्रम को उदेश्य पछाडि परेका समुहहरुका सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरणका लागि सहजिकरण गर्दा महिलाका अवस्थालाइ विशेष ख्याल गदै लैगिक समानताका अधिकार सुनिश्चित गर्नु ।

- लैंगिक विभेदमा आधारीत हिंसा, भेदभाव अन्त्य गर्नु ।
- महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक अवसरमा बृद्धि गदै निर्णायक तहमा महिलाको सार्थक र समान पहुँच बढाउनु ।
- आधारभुत अधिकारहरु सुनिश्चित गर्ने आधार तयार गर्दै महिला, बालबालिका, जेष्ठनागरिक, अपांगता भएका ब्यक्तिहरुको सहभागिता र अधिकार सुनिश्चित गरी सामाजिक सुरक्षाको ब्यबस्था गर्नु , कार्यक्रमको प्रमुख उदेश्य रहेको छ ।

६. बजेट खर्च :- ५३७००। जम्मा

७.. यस कार्यक्रम बाट अपेक्षित उपलब्धी यस न पा को निर्धारण गरेको नीति, कार्यक्रम लैगिक हिसाविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सामाजिक भेदभाव र बहीस्करण अन्त्यका लागि निरोधात्मक, प्रवर्धनात्मक र संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने ।

- नीति निर्माण, कार्यक्रम कार्यान्वयनमा महिलाको समानुपातिक अर्थपुर्ण प्रतिनिधित्व सुनिश्चित हुने एवं प्रतिफलमा समान अधिकार लागुहुने नीति अवलम्बन गर्ने ।
- नगरपालिकाले तयार गर्ने सम्पूर्ण नीतिगत र कानूनी दस्तावेजहरुलाई लैंगिक सम्वेदनशिल बनाउनुका साथै महिलाहरु सम्मानित भएर बाँच्न सक्ने आधार तयार गर्ने ।
- कानून निर्माण गर्ने संयन्त्रहरू र कार्यान्वयन गर्ने निकायहरूलाइ लैङ्गिक संवेदनशिल बनाउन सहजिकरण गर्ने ।
- लैङ्गिक हिंसाको जोखिम कम गर्न समुदायहरूमा जनप्रतिनिधिहरुको अगुवाईमा महिला, युवा तथा निगरानी समूहहरू गठन, सुदृढीकरण तथा परिचालन गर्ने ।
- हानीकारक परम्परागत अभ्यासहरु, विभेदपूर्ण सामाजिक मूल्य मान्यता एवं महिलामाथि हुने विभेदपूर्ण दृष्टिकोणको अन्त्य गर्न “परिवर्तन सम्भव छ, आफु बाट सुरु गरौं” जस्ता अभियान संञ्चालन गर्ने ।
- लैंगिक तथा समावेशिता सम्बन्धि खण्डीकृत तथ्याक(Disaggregated data) संकलन, विश्लेषण र नियमित रूपमा अद्यावधिक गर्दै समस्या सम्बोधनका लागि नयाँ रणनीति, योजना तय गर्ने ।
- नगरपालिकाका योजना तथा कार्यक्रमहरू लैंगिक तथा सामाजिक समावेशीकरण केन्द्रित गरी कार्यक्रमको तर्जुमा गर्दा स्थानीय सरकारले नगरवासी, विभिन्न संजाल, संस्थाहरु संगको समन्वय र सहकार्यमा काम गर्ने ।
- लैंगिक संवेदनशील बजेट र लैंगिक उत्तरदायी बजेट परीक्षण प्रणाली अवलम्बन गर्ने ।

- सबै प्रकारका हिंसा न्यूनीकरण गर्न युवा, पुरुष एवं परिवारका नेतृत्वसँगका साझेदारी र सामुहिक परिचालनमा ध्यान दिनुका साथै किशोर-किशारी, युवा तथा महिलाहरुको सशक्तिकरणका लागि सहजिकरण गर्ने ।
- हाल स्थापित सामाजिक लैंगिक भुमिकामा परिवर्तन ल्याउनसक्ने योजनाहरुको छनौट गरी नयाँ रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख घनश्याम गिरी, उप प्रमुख को अध्यक्षता बसन्ती श्रेष्ठ बाट भएको थियो । प्रमुख प्रशासकिय अधिकृत बाट स्वागत भाषण भएको थियो सहभागिता वडा अध्यक्ष ज्यु हरु , कार्यपालिका सदस्यहरु विभिन्न शाखा प्रमुख ज्युहरु सहभागिता थियो । लैगिंक समानता सामाजिक समाबेशीकरण रणनीति निर्माण कार्यशाला १ दिने गोष्ठी कार्यक्रमको प्रशिक्षण प्रदेश सुशासनकेन्द्र बाट योगमाया कडेल र कमल कुमार विश्वकर्मा ज्युले गर्न भएको थियो । साथै सहभागिहरु बाट सकृय सहभागिता भएको थियो उक्त महिला , बालबालिका, जेष्ठनागरिक, अपांगता भएका ब्यक्तिहरुको सहभागिता र अधिकार सुनिश्चित गरी सामाजिक सुरक्षाको ब्यबस्था गर्नु ,पंहुच बढाउने बारे जानकारी प्राप्त भयो ।अवसर पाए गरे अन्य जुनसुकै प्रकारको काम गर्न सक्ने अवगत भयो । यसमा उहांहरुलाई लैगिंक समानता सामाजिक समाबेशीकरण रणनीति निर्माण कार्यशाला १ दिने गोष्ठी कार्यक्रमले योजना गराउन सहयोग मिलेको आत्मबल र उत्साह मिलेको थियो भने समग्रमा कार्यक्रम अति प्रभावकारी भयो । साथै यस न पा मा , यस कार्यक्रमामा आर्थिक सहयोग गर्न धेरै सहयोग मिलेको को धन्यबाद ज्ञायन उप प्रमुख ज्यु बाट प्रदान गर्न भएको थियो साथै सहभागिको तर्फबाट कार्यपालिका सदस्य संगिता महर्जन , र वडा अध्यक्ष न्हुछे महर्जन ज्यू लैगिंक मेत्रि हुने प्रति बद्दता ब्यक्त गर्नु भएको थियो । बाट प्रदेश सुशासन केन्द्र,जावलाखेल बाट लैगिंक समानता सामाजिक समाबेशीकरण रणनीति निर्माण कार्यशाला १ दिने गोष्ठी कार्यक्रमबाट मिलेकोले लैगिंक भई लैगिंक मैत्रि सृजना हुने अपेक्षा गरिएको छ कार्यक्रम उद्धघाटन् र समापन मा उपमेयर ,वडाध्यक्ष वडा सदस्यहरु, लगायत सहभागिहरुको उपस्थितीमा सम्पन्न गरिएको थियो उक्त कार्यक्रममा नगरप्रमुख घनश्याम गिरीज्यू बाट शुभकामना मन्तब्य दिनु भएको थियो ।

खर्चको विवरण यसै साथ संलग्न छ ।

| क्र सं | विवरण | रकम | |
|---|---|---|---|
| १ | सहभागि खाजा | १५०००। | |
| २ | सहभागि यातायत | २२५००। | |
| ३ | स्टेशनरी | ११५१०। | |
| ४ | कार्यक्रम सहयोगी,प्रतिबेदक, संयोजक | २७००। | |

| | | | |
|---|---|---|---|
| ५ | बिबिध | २०००। | |
| | जम्मा | ५३७००। | |

८) तालिम/कार्यक्रम संचालन गर्ने ब्यक्ति,संयोजक :बिष्णु कुमारी बास्कोटा
९ तालिम प्रतिबेदक रश्मी श्रेष्ठ
१० कार्यक्रम  सहयोगी संगिता महतरा